म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २०३ सोमबार २२ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 6 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**फागुपूर्णिमाको शुभकामना**

रङ नै रङको पर्व फागुपूर्णिमा अर्थात् होलीको उपलक्ष्यमा हाम्रा समस्त पाठक, ग्राहक, विज्ञापनदाता, कर्मचारी तथा शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै, होलीको अवसरमा आज एक दिन कार्यालय बिदा हुने भएकोले हाम्रो भेट २४ गते बुधबार हुनेछ ।

साझाकुरा परिवार
राष्ट्रिय दैनिक

# सांसदसँग मनहरीबासीको गुनासोः निकुञ्जले त्रसित मात्रै बनायो

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ पर्सा राष्ट्रिय निकुञ्ज र मनहरी गाउँपालिकाबासी बीचको द्धन्द्व झन गहिरिँदै गएको छ । निकुञ्जले त्रसित बनाएको देखि जनावरहरुको नियन्त्रणमा देखाएको वेवास्थाले निकुञ्ज र स्थानीयबीच थप संकट बढ्दै गइरहेको हो ।

निकुञ्जको जंगली हात्तीको आक्रमणबाट केही दिनअघि मकवानपुरमा दुई जनाको मृत्यु भएपछि स्थानीयहरु आक्रोशित भएका थिए । हात्तीको आक्रमणबाट मनहरीमा एक महिलाको मृत्यु भएको थियो । हात्तीले खेतबाली नष्टसमेत गरेको थियो । करिब एक हप्ता हात्तीको आतंकमा बस्न बाध्य मनहरीबासीले प्रतिनिधिसभाका ४ जना सांसदहरुसँग निकुञ्जले निम्त्याएको त्रासदेखि ऐन नै परिमार्जन गर्नुपर्ने माग उठाएका छन् । निकुञ्ज पीडित बासिन्दाको मर्म र भावना बुझ्न आएका सांसदहरु सरस्वती सुब्बा, मैना रावल, छिरिङ डंगोल लामा र आश्मानी चौधरीलाई मनहरीका निकुञ्ज पीडितहरुले अनेकौं गुनासा पोखेका थिए ।

सामुदायिक वन उपभोक्ता महासंघले सांसदहरुसँग उपभोक्ताको गुनासो सुन्ने गरी आयोजना गरेको कार्यक्रममा पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्दै



स्थानीयबासिन्दाले निकुञ्जका कर्मचारीबाट काम गर्ने तौरतरिका जनमैत्री नभएको गुनासोसमेत राखे । मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा संविधानसभा सदस्य राजाराम स्याङ्तानले नीतिगत व्यवस्थालाई नै गलत व्याख्या गरेर निकुञ्जले सदैव जनतालाई अप्ठ्यारो पार्ने, मुद्दा चलाउने काम गरिरहेको बताएका छन् । निकुञ्जले करिब एक वर्षअघि वन क्षेत्रभित्र रुख काटेको आरोपमा गाउँका एक दर्जन व्यक्तिलाई थुनेको थियो ।

स्थानीय उपभोक्ता कृष्णप्रसाद सापकोटाले मध्यवर्ती क्षेत्रमा निरन्तर हात्तीको आतंक बढिरहेको, बाघको आक्रमणबाट पनि मानिसहरुको मृत्यु भइरहेको घटनालाई न्यूनिकरण गर्नुपर्नेमा जोड दिए । उनले निकुञ्ज नजिकका बस्ती स्थानान्तर गर्नुपर्ने र जंगली जनावारहरु बस्ती क्षेत्रमा आउन नदिने गरी व्यवस्थापन गर्दिन माग गरेका छन् । मध्यवर्ती क्षेत्र उपभोक्ता समिति मनहरीका पूर्वअध्यक्ष मुक्तिनाथ अधिकारीले निकुञ्जले पञ्चायतकालीन ऐन कानून देखाएर जनतालाई अझै पनि त्रासदीपूर्ण जीवन बाँच्न बाध्य पुऱ्याएको गुनासो गरेका छन् ।

उनले मनहरी गाविसको ५ र ६ नम्बर वडाको बस्तीलाई स्थानान्तरण गर्ने निर्णय गर्न सक्ने सरकारले वन्यजन्तुको नियन्त्रणसमेत गर्न नसकेको बताए । अधिकारीले निकुञ्ज संचालन र व्यवस्थापन सम्बन्धी ऐन नै परिमार्जन गर्नुपर्ने माग राखे ।

प्राकृतिक स्रोतको उपभोगको अधिकारमा पूर्ण रुपमा जनप्रतिनिधिमुलक संस्थालाई जिम्मेवारी दिइनुपर्ने उनको भनाई छ । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले प्राकृतिक स्रोत साधनमाथि तीनवटा सरकारको अधिकारलाई संविधानले व्यवस्था गरेपनि स्थानीय सरकारले एक ट्रयाक्टर बालुवा ल्याउन पनि निकुञ्जसँग हात जोड्नुपर्ने अवस्थाको विरोध गरे ।

निकुञ्जको गतिविधिले संघीयतामाथि भद्दा मजाक भइरहेको कालाखेतीको भनाई छ । उनले हाल राजतन्त्रको बहस त्यसै नभइरहेको भन्दै संघीयतामा एउटा गाउँपालिका अध्यक्षले एक ट्रयाक्टर बालुवाका लागि वार्डेनसँग हात जोड्न जानुपर्ने अवस्थाले संघीयतामाथि प्रश्न उठ्न थालेको बताए । स्थानीयसमेत रहेका सञ्चारकर्मी शिवकुमार काशीले बालबालिका शान्ति क्षेत्र घोषित भएपनि मध्यवर्ती क्षेत्रमा नेपाली सेनाले शसस्त्र गस्ती गर्ने र बालबालिकाहरुलाई आतंकित पार्ने काम गरिरहेको गुनासो गरे । मनहरीस्थित मध्यवर्ती क्षेत्रमा निकुञ्जका कर्मचारीकै कारण प्राकृतिक स्रोतको उपभोगमा अबरोध हुने गरेकाले विकास निर्माण पनि सुस्त भइरहेको उनको भनाई छ ।

निकुञ्ज क्षेत्रका बासिन्दाहरुको गुनासो सुनेपछि सांसदहरुले निकुञ्जसँग जोडिएर आएका गुनासाहरुको सम्बोधनका लागि संसदमा कुरा उठाउने प्रतिबद्धता जनाए । वन मन्त्रीलाई समेत निकुञ्ज र स्थानीयबीचको समस्या समाधान गर्न ध्यानाकर्षण गराउने सांसदहरुको भनाई छ । कार्यक्रममा संविधानसभा सदस्य गोविन्दराम चेपाङ, सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला अध्यक्ष साधुराम चौलागाई, मनहरी गाउँपालिका-१ का वडा अध्यक्ष शिवप्रसाद खनाल, मध्यवर्ती उपभोक्ता समितिका उपाध्यक्ष चुडामणि घिमिरेलगायतले धारणा राखेका थिए ।

# बागमतीमा झण्डै २८ प्रतिशत बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को ८ महिनामा झण्डै २८ प्रतिशत बजेट खर्च भएको छ ।

गाउँपालिकाले १९ फागुनसम्म २७ दशमलव ७६ प्रतिशत बजेट खर्च गरेको गाउँपालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए । गाउँपालिकाको ९ औं गाउँसभामा अध्यक्ष सर्केश घलानद्वारा प्रस्तुत प्रतिवेदन अनुसार चाल आवको फागुन आधासम्म कुल बिनियोजित बजेटमध्ये १८ करोड ३८ लाख ३४ हजार ७ सय ८२ रुपैयाँ ८३ पैसा मात्रै खर्च भएको हो । पालिकाले चालु आवका लागि ६६ करोड २२ लाख २४ हजार बजेट ल्याएको थियो । पालिकाको चालु खर्च ३८ दशमलव ६२ प्रतिशत र पुँजीगत खर्च १३ दशमलव ९ प्रतिशत भएको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक विकासमा १९ दशमलव ३४ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २४ दशमलव ५६ प्रतिशत, पूर्वाधार विकासमा १० दशमलव ४३ प्रतिशत, सामाजिक विकासमा ३६ दशमलव ९२ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ३५ दशमलव ८२ प्रतिशत खर्च भएको जनाइएको छ । चालु आवभित्र गाउँपालिकाले जम्मा २ सय ६४ वटा योजना ल्याएको थियो । जसमध्ये १२ वटा योजनाहरु टेण्डर भएको र ७ वटा योजनाको सम्झौता भइ कार्यान्वयनको अवस्थामा रहेको अध्यक्ष घलानले जानकारी दिए । एउटा योजनाको सम्झौता हुन बाँकी रहेको उनले बताए ।

तीन वटा योजनाको टेण्डरको मिति कायम रहेको र एउटा ठेक्का रद्द भएको जनाइएको छ । उपभोक्ता समिति मार्फत १ सय १४ वटा योजनाहरु सम्झौता



भएका छन् । ५४ वटा योजनाहरुको भुक्तानी भएको छ भने १ सय ८ वटा योजनाहरु सम्झौता हुने क्रममा रहेको जनाइएको छ । पशुपन्छी विकास शाखातर्फ २४ वटा कार्यक्रममध्ये ९ वटा कार्यक्रम कार्यान्वयनमा आएको छ । जसअन्तर्गत कृषि तथा पशु प्रवर्द्धन, भोर्लेनी दुग्ध चिस्यान केन्द्र, अन्तर जिल्ला कृषक अवलोकन भ्रमण, दुधमा अनुदान, सरुवा रोगविरुद्ध खोप खरिद तथा भ्याक्सिनेटर ज्याला, पशु स्वास्थ्य शिविर तथा प्राथमिक उपचार, भुस्याह कुकुरहरु बन्ध्याकरण शिविर, भोर्लेनी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई बिउपुँजी अनुदान वितरण लगायतका कार्यक्रमहरु सम्पन्न भएको छ ।

शिक्षातर्फ पालिकाले बागमती गाउँपालिकाको परिचय नामक स्थानीय विषयको पाठ्यक्रम (कक्षा १ -८ )को निर्माण गरी चालु शैक्षिक वर्षमा कक्षा १-५ सम्म कार्यन्वयनमा ल्याएको छ । कक्षा १-३ को सिकाइ मुल्यांकन फारम र स्थानीय पाठ्यक्रम छपाई तथा वितरण भएको छ । साथै स्थानीय पाठ्यक्रम र निरन्तर विद्यार्थी मुल्यांकन सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु समेत संचालन गरेको छ । पालिकाअन्तर्गतका ५० वटै विद्यालयहरुमा पालिकाको प्रतिनिधिको प्रत्यक्ष उपस्थितिमा प्रभावकारी रुपले विद्यालय सामाजिक परिक्षणको कार्य सम्पन्न भएको अध्यक्ष घलानले जानकारी दिए । बागमती गाउँपालिकास्तरीय तेस्रो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न गरी छनोट भएका १ सय ९ जना विद्यार्थीहरुलाई जिल्ला स्तरीय प्रतियोगितामा सहभागी गराइएको थियो ।

पालिकाको वडा नम्बर ४ र ५ का भूमिहीन सुकुम्वासी ३० जना (घरपरिवार)लाई जग्गाधनी पुर्जा वितरणको कार्य सम्पन्न भएको छ । साथै, यसै आर्थिक वर्षमा १९ जना (घरपरिवार) लाई जग्गाधनी पुर्जा वितरणको प्रक्रियामा रहेको अध्यक्ष घलानले जानकारी दिएका छन् ।

जग्गाको क्षेत्र वर्गीकरणको कार्य सम्पन्न गर्नुका साथै हालसम्म वडा नम्बर ३,४ र ५ का दशकौ देखि भोगचलन गर्दै आएका ऐलानी जग्गाहरुको नापजाँचको कार्य सम्पन्न गरेको छ भने वडा नम्बर १, २ र ६ मा उक्त कार्य चलिरहेको छ । चालु आवमा पालिकाले तीनवटा ऐन तथा कार्यविधि जारी गरेको छ ।

# आज होलीः जर्वजस्ती रङ दल्न र लोला हान्न नपाइने

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ आज सोमबार हिमाली तथा पहाडी जिल्लामा फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व हर्षोल्लासका साथ मनाइँदैछ ।

मकवानपुरको १० वटै स्थानीय तहमा पनि होली पर्व मनाइन्छ । हेटौंडा उपमहानगर पालिकाभित्र भने ठूला सांस्कृतिक कार्यक्रमसहित होली मनाउने गरिएको छ । विगतका वर्षमा बजारको स्कुल रोड, संगम चोकलगायतका क्षेत्रमा सांगीतिक कार्यक्रमसँगै होली मिलन कार्यक्रम गरिँदै आएको थियो ।

आज बसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागत रुपमा विभिन्न रङ र लोला खेली मनाउने परम्परा छ । केही वर्ष अघिसम्म उपत्यकामा उत्ताउलोरुपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण पछिल्लो समय सभ्य बन्न थालेको छ । सडकमा काम विशेषले हिँड्नेलाई इच्छा विपरित रङ र लोला हान्ने क्रम बन्द हुँदै गएको छ ।

यसवर्ष पनि मकवानपुरमा पनि होली खेल्दा ध्यान दिन प्रशासनले आग्रह गरेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले फागुपूर्णिमा (होली) पर्वमा कसैको इच्छाविपरित होली नखेल्न र रङ नलगाउन आग्रह गरेको हो । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले एक सूचना जारी गर्दै फागु पूर्णिमा पर्वमा कसैको पनि इच्छाविपरित रङ, लोला, पानी छ्याप्ने र मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने



कार्य नगर्न आग्रह गरेका छन् । सार्वजनिक स्थलमा होहल्ला गर्ने र कुनैपनि व्यक्तिको निजी जीवनमा नकारात्मक असर पर्ने गतिविधि नगर्न नगराउन पनि सूचनामा भनिएको छ ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वर दान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किर हेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रहलादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ ।

त्यसै बेलादेखि शक्तिको दुरुपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली खेल्ने परम्परा चलेको मानिन्छ । यसैगरी द्वापर युगमा श्रीकृष्ण भगवानलाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई ब्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको बताइन्छ ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौं रोगका किटाणु निर्मुल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि छ । फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक विदा दिँदै आएको छ । तराई क्षेत्रमा भने यो पर्व पूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ । यसवर्ष पनि तराईमा मंगलबार होली मनाइँदै छ ।

# पालुङमा ८६ जनाको आँखा शल्यक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा तिलगंगा सामुदायिक आँखा अस्पताल पालुङमा निशुल्क आँखा शिविर भएको छ ।

थाहा नगरपालिका र पालुङ जेसीजको स्थानीय व्यवस्थापनमा भएको शिविरमा ९ सय जनाको आँखा परीक्षण गरिएको तिलगंगा सामुदायिक आँखा अस्पताल पालुङकी प्रमुख बिनी महर्जनले जानकारी दिइन् । शिविरमा थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिकाका आँखाका बिरामीहरुले सेवा लिएका छन् । निःशुल्क आँखा परीक्षण शिविर फागुन १२ गतेदेखि १७ गतेसम्म संचालन भएको थियो । आँखा परीक्षणबाट मोतिबिन्दुको लक्षण देखिएका ८४ जना र २ जनाको आँखामा मासु पलाएको बिरामीहरुको पालुङमा निःशुल्क शल्यक्रिया गरिएको महर्जनले जानकारी दिएकी छन् ।

शिविरमा तिलगंगा आँखा अस्पताल काठमाडौंका चिकित्सकको टोलीले आँखा परीक्षण र शल्यक्रिया गरेको थियो । शिविरमा पालुङ जेसीजका अध्यक्ष संगम कार्की, महासचिव सञ्जय गोपाली, कोषाध्यक्ष माधव कार्कीको उपस्थिति रहेको थियो ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सावधानीका साथ मनाऔं होली

होली पर्व हिन्दु धर्मावलम्बीहरुले मनाउने चाड मध्ये होली पर्व पनि एक हो । होली धुमधामका साथ मनाउने गर्दछन् । नेपाल, कला र संस्कृतिले भरिएको देश हो । जहाँ विभिन्न किसिमका चाडपर्वहरु मनाउने गरिन्छ । जसमध्ये होली पनि एक हो । होली हिन्दु धर्मावलम्बीहरुले धुमधामका साथ मनाउने गर्दछन् । हरेक वर्ष फागुन शुक्लपूर्णिमाको दिनमा यो पर्व मनाइने गरिन्छ । होली पौराणिक इतिहाससंग पनि जोडिएको छ । हिन्दु संस्कृतिअनुसार होली पर्व त्रेतायुगमा भगवान विष्णुको परमभक्त प्रल्हादसंग जोडेर यो चाड मनाउने चलन छ । हिरण्डयकशिपुका छोरा प्रल्हादलाई उनकै फुपु होलीकाले आगोमा हालेर जलाउन खोज्दा होलीका आफैं जलेर भष्म भएकी थिइन् र विष्णुभक्त प्रल्हादलाई केहि नभएको दिनको सम्झना गर्दै यो चाड मनाउने गरेको पाइन्छ ।

होली खेल्ने दिनभन्दा एक दिन पहिला राति होलीका दहन गरिन्छ । र, विहान रङ्गहरु घोली एकअर्कामा रङ्ग खेलिन्छ । यस दिन रङ्गहरुसंग खेलिने भएकोले यसलाई रङ्गहरुको पर्व पनि भनिन्छ । होली पहाड, मधेस, तराई सबैतिर खेलिन्छ । पहाडमा होली पूर्णिमाको दिन खेलिन्छ भने तराईमा पूर्णिमको भोलिपल्ट खेलिन्छ । होलीमा युवायुवती, बच्चा, बृद्धहरु सबै आपसमा रङ्ग खेलिरहेको देखिन्छ । मानिसहरु रङ्ग हातमा लिएर गाउँदै बजाउदै रमाइलो गर्दै हो हल्ला गर्दै उल्लास पूर्वक मनाउदै पूरानो रिसिइविलाई बिर्सिएर उत्साह र उमङ्गका साथ यो चाड मनाउछन् । यस चाडमा विशेष गरी रातो, पहेंलो, हरियो, निलो रङ्गको प्रयोग गरिन्छ । रातो रङ्गलाई साहस र शक्तिको प्रतीकको रुपमा लिइन्छ भने पहेंलो रङ्गलाई भक्ति र धर्मपरायणताको रुपमा लिइन्छ । सेतो रङ्गलाई मानिसको शुद्धताको प्रतीक मानिन्छ ।

यस दिन मानिसहरु आ-आफ्ना नजिकका मठ मन्दिर गई पूजाआजा गर्छन् भने कोही स्थानीय थानी पूजा आजा गरी रङ्गिने गर्छन् । होली पर्व अहिले हिन्दुले मात्र नभई जुनसुकै धर्म मान्ने मानिसले पनि मान्न थालेका छन् । त्यसैले सबै धर्मावलम्बीलाई जोड्ने हुँदा होली आफैंमा एउटा महत्वपूर्ण चाड हो । तर, पछिल्लो समय होली मनाउने बहानामा लागूपदार्थ सेवन गर्ने, मादक पदार्थ सेवन गर्ने, झैझगडा, होहल्ला गर्ने, जबर्जस्ती रंग दल्ने जस्ता कार्यहरु पनि हुने गरेको छ । होली मनाउने निहुँमा विकृति फैलन दिनु हुँदैन । कुनैपनि अप्रिय घट्ना हुन दिनु हुँदैन । यो पर्वलाई शिष्ट र मर्यादितरुपमा मनाउने कुरा चुनौतीपूर्ण बन्दै गएको हुँदा यसलाई सुसंस्कृत गर्दै लैजानु अहिलेको आवश्यकता हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन २३ गते मंगलबार ७ मार्च २०२३ । फाल्गुण शुक्ल पूर्णिमा । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२५, सूर्यास्त ६:०७। फागु पुर्णिमा (तराइ बिदा)/पूर्णिमा व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरायसी मेलमिलाप हुनेछ | **तुला** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **वृष** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **वृश्चिक** | : अरुको विश्वास जित्न सकिनेछ |
| **मिथुन** | : घरेलु समस्याले सताउनेछ | **धनु** | : विवाद बढ्न सक्नेछ |
| **कर्कट** | : आफन्तले धोका दिन सक्नेछन् | **मकर** | : उत्साह कम हुनेछ |
| **सिंह** | : मनमा उमङ्ग बढ्नेछ | **कुम्भ** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ |
| **कन्या** | : रमाइलो छोटो यात्रा हुनेछ | **मीन** | : उदर-विकार हुन सक्नेछ |

# 'मिसन ग्रासरुट'ले एमालेलाई थप बलशाली बनाउँछ'



फरक भूगोलमा नेताहरू पठाउँदाको लाभ राम्रा विशेषतालाई ग्रहण गर्ने र नराम्रोलाई हटाउन सुझाव दिने हुन्छ । अभियानको अनुभवको आधारमै हामी संगठन प्रणाली रूपान्तरण गर्दैछौं

शंकर पोखरेल

यतिबेला नेपालको राष्ट्रिय राजनीतिमा तीन वटा समस्या देखापरेको छ । पहिलो हो, राजनीतिक अस्थिरता र अराजकता । हामी सोसल अनार्किज्म (सामाजिक अराजकता) तर्फ बढिरहेको देख्छौं ।

दोस्रो, सांस्कृतिक मूल्यहरूको विघटन प्रक्रिया तीव्र गतिमा बढेको छ, सांस्कृतिक अतिवाद वा विचलनका रूपमा । जसलाई धार्मिक अतिवाद अथवा धर्मान्तर पनि भन्न सकिन्छ । यसले नेपाली सांस्कृतिक मूल्यको विघटन गर्ने प्रवृत्तिलाई प्रतिनिधित्व गरिरहेको छ ।

तेस्रो, आर्थिक संकट हो । विश्व अर्थतन्त्रको प्रभावले मात्रै नभएर नेपालको शासकीय कमजोरीका रूपमा आर्थिक संकट तीव्र भइरहेको छ ।

यी तीनवटै संकट हल गर्न दलहरू बलियो हुन जरूरी छ । तर सत्ताको प्रश्नमा मात्रै केन्द्रित भएमा दलहरू सबल बन्दैनन् । यद्यपि, राजनीतिक दलको कर्तव्य सरकार दिनु पनि हो । तसर्थ नयाँ जनादेशपछि जनतालाई सरकार दिने प्रक्रियामा हामी सामेल भयौं ।

तर मुख्य कुरा दललाई सबल बनाउने नै हो । त्यसकारण एमाले आफूलाई थप योग्य बनाउन 'मिसन ग्रासरुट' अभियानमा जाने निर्णयमा पुगेको हो । अर्कातिर यो अभियान चुनावको समीक्षासँग जोडिएको विषय पनि हो । यो मिसनबाट पार्टी सदस्यलाई उद्देश्यमा आधारित बनाउँदैछौं । अभियानबाट एमालेका कार्यकर्ता क्रियाशील, सिद्धान्तनिष्ठ, अनुशासित र एकताबद्ध हुनेछन् ।

अभियानमा एक जना केन्द्रीय सदस्य बराबर तीन वटा पालिका परेको छ । प्रदेशबाट जाने एक जनाले एउटा पालिका र जिल्लाबाट जानेले वडा प्राप्त गरेको छ । यसअर्थमा, केन्द्रीय नेताको नेतृत्वमा प्रदेश र जिल्लाका नेताहरू वडाभन्दा तल जान्छन् ।

त्यहाँ सबैभन्दा पहिले पार्टी सदस्यसँग भेट हुन्छ । हरेक पार्टी सदस्यलाई भेट्न नेताहरू पुग्छन् । उनीहरूको गुनासा सुन्छौं, भौतिक उपस्थितिमै सदस्यता नवीकरण गर्छौं र नयाँ शिराबाट पार्टीमा आवद्ध गर्छौं । यो मिसनपछि एमालेका अदृश्य सदस्य रहने छैनन् । अदृश्य गुनासाहरू पनि हुने छैन, त्यस्तो सदस्यता समाप्त पार्छौं । हाम्रा जति सदस्य हुन्छन्, उनीहरू देखिने, भेटिने र सक्रिय हुन्छन् । त्यो भनेको क्रियाशील सदस्य मात्रै एमालेका सदस्य रहन्छन् । सँगै, सबै टोल र बस्तीमा कमिटी निर्माण गर्छौं । एउटै वडामा दर्जनौं कमिटी निर्माण हुन्छ, जसलाई टोल कमिटी भन्छौं । बस्ती-बस्तीमा कमिटी बनाउने काम यो अभियानमा हुन्छ । त्यसपछि नयाँ युवाहरूलाई कमिटीमा जोड्छौं ।

जनसंगठनका सञ्जाल निर्माण गर्छौं । जनसंगठन पनि आधारभूत तहमा निर्माण गर्छौं । अहिले जनसंगठनहरू सदरमुकामकेन्द्रित छन्, उनीहरूलाई बस्ती र गाउँकेन्द्रित गर्छौं ।

**जनअपेक्षा संकलन**

अभियानमा सबैभन्दा महत्वपूर्ण कुरा आधारभूत तहका जनताको अपेक्षा सुन्ने हुन्छ । उनीहरूको अपेक्षाबारे स्थानीय अगुवाहरूसँग संवाद गर्छौं । एमालेप्रतिका अपेक्षा संकलन गरेर पार्टी रूपान्तरणमा लाग्छौं ।

जनअपेक्षा बुझ्न संगठनात्मक प्रणालीमा पनि नयाँ अभ्यास गरिनेछ । अहिले अवस्था कस्तो छ भने पार्टी कार्यकर्ता नै जनसंगठनका नेता बन्छन् । त्यो परम्परा बदलेर अब हामी जनसंगठनहरूलाई गैरपार्टी संगठनका रूपमा स्थापित गर्छौं । त्यसको मूल नेतृत्व पार्टी सदस्यले गर्लान्, तर समर्थनको दायरा आमजनताको स्तरमा पुऱ्याउँछौं । त्यसो गर्दा जनताको एजेण्डा पहिचान गर्न सकिन्छ ।

किनकि कहिलेकाहीं हामीले काम गरि रहे पनि जनताले मूड बदलिसकेका हुँदारहेछन्, खासगरी शहरी क्षेत्रमा । पछिल्लो समय एमाले नेतृत्वको सरकार हुँदा ठूलाठूला लगानी भए । तर जनताको मूड राष्ट्रिय पार्टीतर्फ देखिएन । त्यसैले जनताको एजेण्डा बुझ्न ग्रासरुटमै जाने निष्कर्षमा हामी पुगेका हौं ।

यो मिसनले भोलिका दिनमा जनता बीच जान हामीसँग राजनीतिक विषय मात्रै होइन, सामाजिक र आर्थिक विषय पनि हुनेछ । यो मिसन चलाउनुपर्ने अर्को कारण एमालेका कार्यकर्तालाई जनतासँग जोड्नु हो । अहिले जिल्लाका नेता जिल्ला सदरमुकाममा, प्रदेशका नेता प्रदेश सदरमुकाममा र केन्द्रका नेता केन्द्रतर्फ बढी केन्द्रित हुने देखियो । यसले जनतासँग दूरी बढ्ने जोखिम देखियो । यस्तो प्रवृत्ति बदल्न नेताहरू फेरि आधारभूत तहमै जाने, पार्टीप्रति उनीहरूको दृष्टिकोण बुझ्ने र त्यसको आधारमा सम्बन्ध सुधार्ने हो ।

**नेतृत्व लिने पहलकदमी**

त्यसै पनि दलहरू समाज बदल्नका लागि हो । कम्युनिष्ट घोषणापत्र प्रकाशन गर्दा मार्क्सले भनेको एउटा महत्वपूर्ण उक्ति छ- 'आजसम्मका विद्वानले समाजको विश्लेषण र व्याख्या गरे, मुख्य प्रश्न समाजलाई बदल्ने हो ।'

त्यसअर्थमा प्रगतिशील राजनीतिक पार्टीको कर्तव्य समाजलाई बदल्ने हो । समाज बदल्नु नेतृत्वको मुख्य प्रश्न हो । मदन भण्डारीले भन्नुभएको छ- 'विगतमा नेतृत्वको प्रश्न क्रान्ति र विद्रोहको माध्यमबाट हल भयो । अब हामी प्रतिस्पर्धाका माध्यमबाट, लोकतान्त्रिक विधिको माध्यमबाट नेतृत्वको प्रश्न हल गर्ने बाटोमा आइपुगेका छौं ।' जसलाई हामी जनताको बहुदलीय जनवाद भन्छौं । नीति र सिद्धान्तले नै जनताको बीचबाट नेतृत्व स्थापित गर्ने विधिमा जाने भएपछि स्वाभाविक रूपमा पार्टीलाई जनतासँग जोड्नुपर्छ ।

अर्कातिर, दुनियाँको क्रान्तिले नेतृत्वको प्रश्न हल गरेको छ, तर नेपालको राजनीतिक क्रान्तिले नेतृत्वको प्रश्न हल गरेको छैन । प्रणाली बदलियो । तर, समाज बदल्न बाँकी छ । त्यसअर्थमा समाज बदल्न नेतृत्वको प्रश्न हल हुनुपर्छ ।

यही चुनावको प्रणालीबाट कांग्रेसले नेतृत्व हासिल गर्छ भने त्यसले समाज बुर्जुवा समाजतर्फ बदल्नेछ । यही समाजमा, यही चुनावमा नेकपा एमालेले नेतृत्व हात पार्छ, यही समाज आर्थिक-सामाजिक विकासका माध्यमबाट समाजवादतर्फ रूपान्तरित हुनेछ ।

त्यसअर्थमा नेतृत्वको प्रश्न हल गर्ने ठाउँ पनि चुनाव नै हो र त्यो चुनावमा बहुमत ल्याउन सकिएन भने नेतृत्वको प्रश्न कहिल्यै हल हुँदैन । क्रान्ति सधैं अपूर्ण रहिरहन्छ ।

**असफल अभ्यासको सिकाइ**

हामीले नेतृत्व सबल बनाउने सवालमा भन्ने गरेका छौं- एकता, संघर्ष र रूपान्तरण । तर अभ्यासमा सफल हुन सकेनौं । खासगरी नेकपाकालमा लाभभन्दा धेरै क्षति व्यहोऱ्यौं भन्ने लाग्छ ।

यद्यपि त्यसबेला तीन वर्ष सरकार चलायौं । त्यो सरकारका माध्यमबाट रणनीतिक महत्वका कामहरू थालनी गरेका छौं । परराष्ट्र सम्बन्धमा नयाँ आयाम कायम गऱ्यौं । त्यही सरकारले विकास र समृद्धिमा तीव्रता ल्याएको थियो । जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको अवधारणालाई एमाले नेतृत्वबाट समयमै बलियो बनाउने काम भयो । सापेक्षित सुशासनको समय पनि त्यसैबेला भयो ।

तर एमालेलाई करप्सनमा होइन, कन्ट्रोभर्सीमा आरोप लगाइयो । कन्ट्रोभर्सी आफैंमा शासकीय कमजोरी मान्न सकिएला, तर कन्ट्रोभर्सीलाई करप्सनको तहमा चर्चा गरेर बदनाम गर्ने कोशिश गरियो ।

यस्तो हुनुमा हाम्रै नीतिगत नेतृत्वका आधारमा जित हासिल गर्न नसक्नु थियो । माओवादी केन्द्रसहितको बहुमतको सरकार भनेको नीतिगत एकता विनाको बहुमत थियो । एकप्रकारले एउटै पार्टी, तर दुईवटा ज्यान जस्तो । अध्यक्ष नै दुई वटा बनाएका थियौं । र, वैचारिक एकत्व थिएन । त्यो एकताबाट नेतृत्व लिने अभ्यास असफल भएपछि हामी विचार, संगठन र कार्यशैलीमै एकताबद्ध एमाले बनाउने प्रक्रियामा छौं । यद्यपि एमालेभित्र पूर्ण रूपमा समस्या हल भयो भन्ने ठान्दिनँ । किनकि हामीले टिकट पाउने र नपाउने बीचको द्वन्द्व पनि व्यहोरेका छौं ।


तर यो दुई महिने मिसनपछि परम्परागत संगठनको ढाँचालाई थप बलशाली बनाउँछौं । त्यो हिसाबले यो रेडिकल अभियान हो । त्यसका लागि कोही पनि नेतालाई आफ्नो कार्यक्षेत्रमा पठाएका छैनौं, कार्यक्षेत्र भन्दा बाहिर छन् । त्यसले नयाँ क्षेत्रको समस्या छिटो पहिचान हुन्छ । किनभने आफैंले गरेको गल्ती आफैं पत्ता लगाउन सकिंदैन । अर्को ठाउँको गल्ती छिटो पत्ता लाग्छ ।

अर्कोतर्फ अर्को ठाउँको विशेषता उसले पहिचान गर्न सक्छ । र, आफ्नो ठाउँमा लागू गर्न सक्छ । त्यसरी फरक भूगोलमा नेताहरू पठाउँदाको लाभ राम्रा विशेषतालाई ग्रहण गर्ने र नराम्रोलाई हटाउन सुझाव दिने हुन्छ । अभियानको अनुभवको आधारमै हामी संगठन प्रणाली रूपान्तरण गर्दैछौं ।

*(साभार: अनलाइनखबर)*

# प्रचण्ड विरुद्ध मुद्दा : संविधान र व्यवस्था मास्ने षड्यन्त्र

गोविन्द आचार्य



माओवादी क्रान्तिकारीहरुले रगतसँग साटेर ल्याएको गणतन्त्रमा माओवादीमाथि नै मुद्दा चलाउने र पुरानै व्यवस्था फर्काउने नियतका साथ विभिन्न हर्कतहरु भइरहनु दु:खद विषय हो ।

नेपालमा यसै साताका तीन वटा मात्रै घटनालाई नजिकैबाट नियालेर हेर्ने हो भने देशको विद्यमान संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था उल्ट्याउन सकिन्छ कि भनेर प्रतिगामी चलखेल सुरु भएको आभास मिल्दछ । खास गरी प्रधानमन्त्री एवम् संघीय लोकतान्त्रिक गणतन्त्रका प्रमुख संस्थापक पुष्पकमल दाहाल "प्रचण्ड" विरुद्ध जनयुद्धकालका घटनामा रिट दर्ता गर्न सर्वोच्च अदालतले अनुमति दिनु, काठमाडौंका सडकमा राजावादीहरूले अहिलेको व्यवस्था मासेर राजा फर्काउने नारा लगाउनु र गत निर्वाचनमा प्रतिगामी मोर्चा बनाएका एमाले र पूर्वपञ्चको पार्टी राप्रपाले प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिनु जस्ता घटना एकै समयमा भएका छन् ।

यी घटना कुनै संयोग मात्र नभएर यसका पछाडि सुनियोजित षडयन्त्र छ भन्ने र हस्यका पर्दाहरू क्रमश: खुल्दै जाने नै छन् । सबैलाई थाहा भएको कुरा हो कि नेपालको वर्तमान संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था हालका प्रधानमन्त्री प्रचण्डको नेतृत्वमा सञ्चालित माओवादी जनयुद्धकै कारण सम्भव भएको हो । यस कुरालाई माओवादी मात्रै होइन, माओवादीका कट्टर विरोधीले पनि स्विकारी सकेका छन् ।

प्रचण्डको नेतृत्वमा जनयुद्ध नभएको भए नेपालमा संविधानसभाबाट नयाँ संविधान र गणतन्त्र सम्भव नभएको कुरा राजा ज्ञानेन्द्रदेखि पूर्व पञ्च कमल थापा, एमाले नेता केपी ओलीदेखि भीम रावल, मसाल नेता मोहनविक्रम सिंहदेखि माओवादी नेता मोहन वैद्यसम्मले स्विकारीसकेका छन् । यही चैत्र २५ गते हुने राष्ट्रपति निर्वाचनमा उम्मेदवार रहनु भएका नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले त धेरै ठाउँमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई नेपालको क्रान्ति र शान्तिका नायक रहेको वताउँदै आउनु भएको छ । उहाँले प्रचण्डले क्रान्तिको नेतृत्व नगरेको भए नेपालमा परिवर्तन सम्भव नहुने बताउने गर्नुभएको छ ।

यसै गरी काँग्रेस सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले प्रचण्डकै कारण नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको र संविधानसभाबाट नयाँ संविधान जारी भएको बताउँदै आउनु भएको छ । यसरी माओवादीका समर्थक वा विरोधी जो सुकैले स्वीकारेको तथ्य के हो भने अहिलेको संविधान र व्यवस्था माओवादी अध्यक्ष प्रचण्डको नेतृत्वमा सञ्चालित जनयुद्धकै कारण सम्भव भएको हो ।

माओवादी पार्टी र त्यसका प्रमुख नेता प्रचण्ड नभएको भए नेपालमा न त गणतन्त्र आउने थियो, न संघीय लोकतन्त्र नै । माओवादीकै कारण समावेशिता, समानुपातिक सहभागिता, महिला, दलित, आदिवासी, मधेशी, सीमान्तकृतका अधिकार सम्भव भएको हो ।

यसरी अहिले देशमा जे जति राजनीतिक परिवर्तन र उपलब्धि छन्, त्यसको वास्तविक जन्मदाता अध्यक्ष प्रचण्ड रहेको कुरामा कुनै विवाद छैन । नेपालको परिवर्तनको पिता भएकै कारण परिवर्तन विरोधीहरू प्रचण्ड विरुद्ध एक ढिक्का भएका हुन् ।

प्रचण्ड रहेसम्म परिवर्तन उल्ट्याउन सम्भव नहुने देखेरै प्रचण्ड विरुद्ध एमाले अध्यक्ष केपी ओली, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, उपाध्यक्ष रवीन्द्र मिश्र, २०४७ सालको संविधानका पक्षपाती कनकमणि दीक्षितदेखि दुर्गा प्रसाईं सम्मका व्यक्तिहरू एक भएर चुनाव अघि र अहिले पनि लागेका हुन् र लागिरहेकै छन् ।

नेपालको परिवर्तन नरुचाउने र संविधान मास्न चाहने शक्ति तथा व्यक्तिले अहिले नेपालमा जे जति परिवर्तन भएको छ, त्यो माओवादीकै कारण हो भन्ने राम्रैसँग बुझेको छ । त्यसैले, उनीहरू परिवर्तनका नायक माओवादी अध्यक्ष प्रचण्डलाई नसिद्ध्याउँदासम्म परिवर्तन उल्ट्याउन सम्भव नहुने निष्कर्षमा पुगेका छन् । यही कारण सर्वोच्च अदालतमा जनयुद्धकालका घटनामा जोडेर प्रचण्डमाथि मुद्दा चलाउन पाउनुपर्ने मागसहित मुद्दा दायर गर्ने, राजतन्त्र फर्काउने मागसहित नाराबाजी गर्ने तथा शान्ति प्रक्रिया बिथोल्ने प्रयत्नहरू भइरहेका छन् ।

नेपालको शान्ति प्रक्रिया, विस्तृत शान्ति सम्झौता, नेपालको संविधानले स्वीकार गरेको सशस्त्र संघर्ष तथा संक्रमणकालीन न्यायसम्बन्धी व्यवस्थालाई ठाडै नजरअन्दाज गरेर सर्वोच्च अदालतले प्रचण्ड विरुद्ध रिट दर्ता गर्न अनुमति दिनु मात्रै पनि नेपालको राजनीतिक परिवर्तन र अहिलेको संवैधानिक व्यवस्थाविरुद्ध प्रहार हो । यो प्रहार मात्र कुनै एक व्यक्ति वा पार्टीमाथि होइन, यो त सिङ्गो माओवादी आन्दोलन, माओवादी आन्दोलनमा लामबद्ध लाखौं समर्थक, शुभेच्छुक जनता र नेता तथा कार्यकर्ता माथिको प्रहार हो । त्यतिमात्र होइन, यो अहिलेको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र माथिकै प्रहार हो । यसमा समयमै सबै माओवादीपंक्ति र परिवर्तनकारी शक्ति सजग र सचेत नहुने हो भने प्रतिगामी षडयन्त्रले पुन: टाउको उठाउने ठाउँ पाउने छ ।

अहिले राजधानी काठमाडौँसहित केही ठाउँमा आफूलाई राजतन्त्र पक्षधर बताउने केही सुकिला मुकिला एवम् हिजो परिवर्तन विरोधी कित्तामा रहेको एउटा तप्का संघीय लोकतान्त्रिक गणतन्त्र र यसका संस्थापकहरूको विरोध गर्न सक्रिय छ । हिजो गणतन्त्र चाहियो भन्ने माओवादी क्रान्तिकारीहरूको कत्लेआम गर्ने, १३ हजार भन्दा बढी नेपालीको हत्या गर्ने, गणतन्त्रको पक्षमा समाचार लेख्ने कृष्ण सेनसहितका पत्रकारहरूलाई पक्राउ गरेर हिरासतमा हत्या गर्ने, शान्ति वार्ता चलिरहेकै बेला दोरम्बामा १९ जना माओवादी कार्यकर्तालाई कब्जामा ल्याएर बीभत्स हत्या गर्नेहरू नै अहिले ठूल्ठूलो स्वरमा गणतन्त्रको विरोध र राजतन्त्रको वकालत गरि रहेका छन् ।

आजको गणतान्त्रिक व्यवस्थामा सबैलाई आफ्ना विचार राख्ने स्वतन्त्रता छ । यहाँ राजतन्त्रकालमा जस्तो विचार राखेकै कारण कसैको पनि हत्या हुँदैन, गिरफ्तारी र बेपत्ता पार्ने कार्य हुँदैन । यो व्यवस्थामा सबैले लोकतन्त्रको प्रत्याभूति गर्न पाउँछन् । तर माओवादी क्रान्तिकारीहरूले रगतसँग साटेर ल्याएको गणतन्त्रमा माओवादीमाथि नै मुद्दा चलाउने र पुरानै व्यवस्था फर्काउने नियतका साथ विभिन्न हर्कतहरु भइरहनु दु:खद विषय हो ।

परिवर्तनकारी आन्दोलनको नेतृत्व गर्दा मुख्य नेतृत्वमाथि विभिन्न आरोप लाग्नु वा अदालतमा मुद्दा चलाइनु कुनै अनौठो कुरो भने होइन । नेपालको इतिहासमा विगतमा पनि यस्तो हुँदै आएको छ । नेपालको राजनीतिक इतिहास निर्माण गर्ने मोडमा राणा शासन विरोधी आन्दोलन, ००७ सालको आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, झापा आन्दोलन, २०३६ र ०४६ सालको आन्दोलन, ०५२ सालदेखिको जनयुद्ध र ०६२/०६३ सालको जनआन्दोलनमा पनि परिवर्तनकामी शक्ति विरुद्ध विभिन्न आक्षेप लाग्दै आएकै हो ।

हिजो पनि आक्षेप लगाउने त्यही वर्ग हो र आज पनि यही सभ्रान्त वर्गको तप्काले परिवर्तनकारीमाथि आक्षेप लगाउँदै राजतन्त्र पुनर्स्थापनाको सपना देखिरहेको छ । यो तप्का हिजो जनयुद्धकालमा माओवादीले संविधानसभा र गणतन्त्रको कुरा गर्दा ज्ञानेन्द्रको अभिनन्दन कार्यक्रममा फूलमाला लिएर जाने गर्दथ्यो । यही माओवादी विरोधी तप्काले राजाको नेतृत्वमा गणतन्त्र र संविधानसभा माग्ने १३ हजारभन्दा बढी माओवादीको हत्या गर्दा त्यसको समर्थन गर्दथ्यो ।

त्यतिमात्रै होइन, माओवादीलाई आतंककारी घोषणा गर्दा र प्रचण्ड, किरण बाबुरामसहितका नेताका टाउकोको मूल्य तोक्दा ताली बजाएर स्वागतमा उभिएको थियो । आज यही तप्का माओवादी पार्टी र त्यसका कमाण्डर प्रचण्डलाई जसरी पनि सिध्याउनु पर्ने र देशमा पुरानै कुहीगन्धे राजतन्त्रसहितको संसदीय व्यवस्था लागू गर्नुपर्ने मिसनमा लागेको छ । जुन कदापि पूरा हुँदैन, किनकि, इतिहासको गति पछाडि फर्कदैन, अझ अगाडि बढ्छ ।

नेपालको इतिहासमा पटक पटक र यसपटक त अझै राम्रोसँग के प्रमाणित भइसकेको छ भने नेपालको परिवर्तनलाई संस्थागत गर्ने काम प्रधानमन्त्री प्रचण्डवाट मात्र सम्भव छ । कतिपय राजावादी, प्रतिगामी, सामन्ती/दलाल वर्गलाई प्रचण्डको नाम सुन्दा टाउको दुख्छ, जुन स्वभाविकै हो ।

तर प्रचण्ड केवल माओवादी केन्द्रको मात्र नभई सिंगै देशको निर्विकल्प नेताका रुपमा स्थापित व्यक्तिको नाम हो । एउटा कम्युनिष्ट पार्टी वा सरकारको नेतृत्व मात्र होइन, संविधानमा उल्लेखित समाजवाद उन्मुख एक्काइशौं शताब्दीको राज्य व्यवस्था र सिङ्गो देशको नेतृत्व गर्न अहिलेका समकालीन नेताहरुमध्ये प्रचण्ड जत्तिको सक्षम र योग्य व्यक्ति अरु कोही छँदै छैन ।

प्रचण्डको नेतृत्वमा ५ वर्ष सरकार मात्रै चलाउन पाउने हो भने पनि परिवर्तनका एजेण्डा संस्थागत हुनेछन्, संविधानको पूर्ण कार्यान्वयन हुनेछ, शान्ति प्रक्रिया निष्कर्षमा पुग्नेछ, देशले काँचुली फेर्नेछ । यसका साथै, विकास र आर्थिक समृद्धि हासिल हुनुका साथै नयाँ नेपाल निर्माणको बलियो आधार खडा हुनेछ । त्यसवेला फेरि प्रतिगामीहरुले टाउको उठाउने कुनै ठाउँ पाउने छैनन् ।

*(साभार: रातोपाटी)*

# सुदूरपश्चिमबाट सुरु भयो नयाँ सत्ता यात्रा

काठमाडौं/सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई नेकपा माओवादी केन्द्रले विश्वासको मत दिएसँगै राष्ट्रिय राजनीति नयाँ सत्ता सहयात्रातर्फ बढेको छ । यसअघि प्रदेशसभामा माओवादी केन्द्र, नेकपा एमाले नेतृत्वको गठबन्धनमा थियो ।

एमाले नेता राजेन्द्रबहादुर रावललाई २७ पुसमा सुदूरपश्चिमको मुख्यमन्त्री नियुक्त गर्न माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी (नाउपा) र राप्रपाका सांसदहरुले प्रदेश प्रमुखको कार्यालयमा हस्ताक्षर बुझाएका थिए ।

तर संविधानको धारा १६८ (२) बमोजिम मुख्यमन्त्री नियुक्त रावलले विश्वासको मत पाउन सकेनन् । नाउपाले विश्वासको मत नदिएपछि रावल पदमुक्त भए भने २६ माघमा नेपाली कांग्रेस संसदीय दलका नेता शाह मुख्यमन्त्री नियुक्त भए ।

त्यसबेला शाहलाई प्रदेश प्रमुख देवराज जोशीले प्रदेशसभाको सबभन्दा ठूलो दलको नेताका हैसियतमा मुख्यमन्त्री नियुक्त गरेका थिए । शाहलाई एकीकृत समाजवादीले तत्कालै साथ दिँदै सरकारमा सहभागी भयो । १९ सिटको कांग्रेसलाई पाँच सिटको (स्वतन्त्र सांसद डा. तारा जोशी समेत) एकीकृत समाजवादीले साथ दिएकाले शाहलाई विश्वासको मत पाउन ३ मत पुग्दैनथ्यो ।

तर मुख्यमन्त्री शाहले आइतबार प्रदेशसभाको दुई तिहाई भन्दा धेरै मत पाए । ५३ सदस्यीय प्रदेशसभामा मुख्यमन्त्री शाहलाई विश्वासका मत दिने संख्या ४१ पुग्यो । उनलाई कांग्रेसका १९, माओवादी केन्द्रका १० (सभामुख बाहेक), नाउपाका ७ र एकीकृत समाजवादीको ५ सांसदले मत दिए । यो भनेको मुख्यमन्त्री त्रिलोचन भट्टले पाएको भन्दा धेरै मत हो । २०७४ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को ३७ सांसदले भट्टलाई विश्वासको मत दिएका थिए । ५ पुस २०७७ मा नेकपा फुटेपछि ३० मत पाएर भट्टले मुख्यमन्त्री पद जोगाएका थिए ।

तर आइतबार एमालेका १० र राप्रपाका एक सांसदको मात्रै मुख्यमन्त्री शाहले मत पाएनन् । मुख्यमन्त्री शाहले यति धेरै मत पाउनुमा माओवादी केन्द्र र नागरिक उन्मुक्ति पार्टी अडानबाट पछि हट्नु हो । आलोपालो मुख्यमन्त्रीको लिखित सहमति हुनुपर्ने अडानमा रहेका माओवादी केन्द्रका प्रदेश सांसदहरु आइतबार बिहान शाहलाई विश्वासको मत दिन तयार भएका गिए । प्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निर्देशनमा सांसदहरुले अडान छोडेर विश्वासको मत दिएको एक नेता



नेता बताउँछन् । 'नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री प्रचण्डबीच कुराकानी भएर टुंगिएको हो । अब कसरी अगाडि बढ्ने भन्ने पनि माथिबाटै निर्देशन होला' कांग्रेस प्रदेशसभा सदस्य देवानसिंह बिष्ट भन्छन् । माओवादी केन्द्र र नागरिक उन्मुक्तिले मुख्यमन्त्री शाहलाई विश्वासको मत दिएसँगै १२ फागुनमा बनेको कांग्रेस नेतृत्वको आठ दलीय गठबन्धनबीच सत्ता सहयात्रा पनि सुरु भएको छ ।

'मुलुकको नयाँ राजनीतिक कोर्स सुदूरपश्चिमबाट कोरिएको छ । संविधान र लोकतन्त्र जोगाउँदै समृद्ध मुलुक निर्माण गर्न बनेको पुरानै गठबन्धन कायम हुन पुगेको छ', एकीकृत समाजवादीका नेता एवम् सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला मन्त्री नरेश शाही भन्छन् । सुदूरपश्चिमबाट सुरु भएको सत्ता सहयात्रा देशैभर र पाँच वर्षसम्म ढुक्कले चल्ने उनी बताउँछन् ।

कांग्रेस नेताहरु पनि १० पुसमा तोडिएर १२ फागुनमा जोडिएको गठबन्धनले पाँच वर्ष मुलुकको नेतृत्व गर्ने यात्रा सुरु भएको बताउँछन् । 'सुदूरपश्चिमबाट सुरु भएको आठ दलीय गठबन्धन बीचको सहयात्रा राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुँदै पाँचै वर्ष चल्छ, कुनै अफवाहहरुले काम गर्दैन' कांग्रेस केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्की भन्छन् ।

एमाले नेता डा.दीपकप्रकाश भट्ट सुदूरपश्चिम प्रदेशमा देखिएको सत्ता परिवर्तन र नयाँ गठबन्धनको यात्रा राष्ट्रिय राजनीतिककै असर भएकाले आफ्नो पार्टी प्रतिपक्षमा बस्ने बताउँछन् । 'यहाँको एमाले सरकार ढल्नु र नयाँ बन्नुमा प्रदेशको राजनीतिका कारणले होइन । त्यसैले केन्द्रीय राजनीतिमा परिवर्तन नआएसम्म हामी जिम्मेवार र प्रतिपक्षी भूमिकामा रहन्छौं', भट्ट भन्छन् ।

**पहिले कर्णाली, अहिले सुदूरपश्चिम**

कांग्रेस, माओवादी र एकीकृत समाजवादीबीच सत्ता सहयात्रा अघिल्लोपटक (२०७४ को चुनावपछि) कर्णालीबाट सुरु भएको थियो । तत्कालीन नेकपाभित्र विवाद बढ्दा कर्णालीका तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध २ कात्तिक २०७७ मा यमलाल कँडेलले विश्वासको प्रस्ताव ल्याएका थिए । अध्यक्ष केपी शर्मा ओली निकट नेता कँडेलले ल्याएको त्यही अविश्वासको प्रस्तावले नेकपाभित्रको विवाद थप चर्कियो ।

ओलीले ५ पुस २०७७ मा प्रतिनिधिसभा विघटनको निर्णय गरेपछि नेकपा विभाजन भयो । २३ फागुन २०७७ मा नेकपाको एकता प्रक्रिया भंग भएर एमाले र माओवादी केन्द्र ब्युतियो । नेकपा हुँदै प्रचण्डलाई साथ दिएका माधवकुमार नेपाल एमालेमा रहने अवस्था रहेन ।

नेकपा तीन टुक्रा हुँदा कांग्रेसको सत्ता यात्रा सुरु भएको थियो । कर्णालीबाट सुरु भएको कांग्रेसको सत्ता यात्रा सबै प्रदेशमा फैलियो । वाम गठबन्धन भएकाले २०७४ को चुनावमा नराम्रोसँग पराजित भएपनि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए । देउवा, प्रचण्ड र माधव नेपाल सहितको पाँच दलीय गठबन्धन गत मंसिरको चुनावसम्म कायम रह्यो । तीनै तहको चुनावमा त्यो गठबन्धनले संयुक्त उम्मेदवार चयन गरेर भाग लियो ।

तर चुनावपछि आलो-पालोको सहमतिमा पहिलो प्रधानमन्त्री प्रचण्डलाई छोड्न देउवा तयार नहुँदा कांग्रेस फेरि सबैतिर प्रतिपक्षी दल बन्न पुग्यो । आफूलाई १० पुसमा प्रधानमन्त्री बनाउन साथ दिएको एमालेसँग प्रचण्डले राष्ट्रपतिदेखि सबै प्रदेश नेतृत्व भागबण्डा गरे ।

त्यसैअनुसार, चार प्रदेशमा एमाले, दुई प्रदेशमा माओवादी र मधेशमा जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको सरकार बन्यो । कोशी, गण्डकी, लुम्बिनी र सुदूर पश्चिममा एमाले, बागमती र कर्णालीमा माओवादी नेता मुख्यमन्त्री बने । प्रतिनिधिसभाको सभामुखमा एमाले नेता देवराज घिमिरे र उपसभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की इन्दिरा रानामगर निर्वाचित भइन् ।

तर राष्ट्रपतिको चुनाव नजिकिँदै गर्दा प्रचण्डले एमाले नेतृत्वको सात दलीय गठबन्धन परिवर्तन गर्ने निर्णय लिए । पूर्वसहमति अनुसार, एमालेको राष्ट्रपति र माओवादीको उपराष्ट्रपति भन्ने भागबण्डाको सहमति तोडेर प्रचण्डले १२ फागुनमा कांग्रेसलाई राष्ट्रपति र जसपालाई उपराष्ट्रपति दिने निर्णय आफ्नै निबास बालुवाटारमा गरे ।

एमाले नेतृत्वको गठबन्धन तोडेर कांग्रेस नेतृत्वमा जाने बातावरण प्रचण्ड आफैंले तयार पारेका थिए । त्यसको असर सुदूरपश्चिम प्रदेशमा देखिएको थियो । नाउपाको निर्णय र अडानले हेर्दा प्रधानमन्त्री प्रचण्डकै चााहनामा सत्ता गठबन्धन बदल्ने वातावरण बनेको अनुमान लगाउन सकिन्छ ।

चुनाव लगत्तै प्रचण्डलाई साथ दिएको नाउपा सरकारमा सहभागी भएन । प्रचण्डलाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरेपनि सुदूरपश्चिम प्रदेशमा सभामुख निर्वाचनमा तटस्थ बस्यो । त्यसैकारण २८ र २९ माघमा सुदूरपश्चिम प्रदेशसभाले सभामुख चयन गर्न सकेन । तर ३ माघमा नाउपाले मत दिएर माओवादी नेता भीम भण्डारी सभामुख र एमाले नेतृ कोइलीदेवी चौधरी उपसभामुख निर्वाचित भइन् ।

त्यसपछि एमाले नेता रावललाई मुख्यमन्त्रीमा विश्वासको मत दिएन । विश्वासको मत नदिनुमा पार्टीका संरक्षक रेशम चौधरी सहितलाई रिहाइको माग त छँदैथियो, सँगै १९ माघमा आफ्ना सांसद अरुण चौधरी पक्राउ पर्नु कारण देखाइयो । १३ वर्ष पुरानो मुद्दामा अरुणलाई पक्राउ गरिएपछि नाउपाका नेताहरुले माग पूरा नभएसम्म विश्वासको मत नदिने अडान लिए । रेसम मुद्दा भने २२ माघमै सर्वोच्चले सुनुवाइ प्रक्रिया अगाडि बढाएको थियो ।

तर अरुण चौधरी रिहाइको प्रतिबद्धता प्रचण्डले गर्नुपर्ने नाउपा नेताहरुले अडान लिए । सुदुरुपश्चिमको सरकार जोगाउनेगरी प्रचण्डले नाउपासँग प्रतिबद्धता गर्न चाहेनन् । एमाले नेतृत्वको सरकार ढलेपछि चाहिँ आममाफी पाएर ७ फागुनमा अरुण रिहा भए । अहिले नाउपा प्रचण्डसँगै कांग्रेस नेतृत्वमा आवद्ध छ ।

यो अवधिमा राष्ट्रिय सत्तामा पनि परिवर्तन आएको छ । प्रचण्डले सहमति तोडेर गठबन्धन बदलेको भन्दै एमाले १५ फागुनमा र १४ फागुनमा राप्रपा सरकार बाट बाहिरिएको छ । रास्वपाले २२ माघमै सरकार छोडेको थियो । रास्वपाले सरकार मात्रै छोडेको भए पनि एमाले र राप्रपाले समर्थन समेत फिर्ता लियो । सत्ता साझेदार ठूला दलहरुले समर्थन फिर्ता लिएकाले संविधानको धारा १०० (२) बमोजिम प्रधानमन्त्री प्रचण्डले १४ चैतभित्र संसदमा विश्वासको मत लिनुपर्नेछ ।

तर राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव त्यसअघि भएकाले प्रधानमन्त्रीले विश्वासको मत लिएका छैनन् । अर्थात्, प्रधानमन्त्री प्रचण्डको सत्ता सहयात्री बदलिए पनि त्यसले वैधानिकता पाउन र साझा सरकार निर्माण हुन सकेको छैन । तर मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र विश्वासको मत पाउनुपर्ने संवैधानिक व्यवस्था भएकालेसुदूरपश्चिम प्रदेशमा नयाँ गठबन्धनबीच सत्ता सहयात्रा सुरु भएको छ । मन्त्रिपरिषद् बिस्तार भने आचारसंहिताको कारणले हुन सकेको छैन । एक नेताका अनुसार, उपराष्ट्रपतिको चुनावललगत्तै सुदूर पश्चिम सरकारमा माओवादी र नाउपा सहभागी हुनेछन् ।

कांग्रेस नेता कार्की, सुदूर पश्चिम प्रदेशबाट सुरु यो सत्ता सहयात्रा चुनावमा जनताले दिएको जनादेश बमोजिम रहेको बताउँछन् । 'सुदूरपश्चिमबाट सुरु भएको यो गठबन्धनबीचको सहयात्रा मुलुकको विकास र समृद्धिका निम्ति पाँच वर्ष नै आवश्यकता छ । जनताको त्यो भावना अनुसार हामी अगाडि बढ्छौं', कार्की भन्छन् ।

तर नयाँ गठबन्धनबीच राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीमा आलोपालो बाहेक प्रदेश सरकारको नेतृत्वको भागबण्डा लगाउबारे ठोस् सहमति जुट्न सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# पलले गर्लान् यशको 'ए मन सुटुक्क भन्' ?

काठमाडौं/२०७८ सालको मंसिर ३ गते अभिनेता पल शाह एक फिल्ममा अनुबन्ध भएका थिए । निर्माता करण सिंहले उनीसँग सम्झौता गरेका थिए । त्यसबेला निर्देशक र फिल्मको नाम लुकाइएको थियो । केही दिनपछि फिल्मको निर्देशन यश कुमारले गर्न लागेको रहस्य खुल्यो । तर, फिल्म सुटिङमा नजाँदै पल एक घटनाका कारण कानुनी झमेलामा फसे । र, फिल्मको निर्माण पनि अन्योल बन्यो ।

यही फागुन १५ गते पल सम्पूर्ण मुद्दाबाट सफाइ पाएर एक वर्षमा जेलमुक्त भए । उनी छुटेसँगै यशले फिल्मको तयारी सुरु गरेका छन् । तर, के पलले अब यशको फिल्म गर्लान् त ? चासो धेरैमा छ । यश भने पलले आफ्नै फिल्म पहिला गर्नेमा पूर्ण विश्वस्त छन् । कारागार पुगेर भेट गर्दा पलले छुटेपछि आफ्नो फिल्ममा काम गर्ने वचन दिएको उनले हालै एक टीभी अन्तर्वार्तामा बताएका छन् ।



यशले भनेका छन्, 'मैले उहाँलाई त्यो घटना घट्नुभन्दा अगावै फिल्ममा साइन गराएको थिएँ । फिल्मको नाम 'ए मन सुटुक्क भन्' हो । म अमेरिकामा हुँदा निर्माता करण भाईले पलसँग सम्झौता गर्नुभएको थियो । म अमेरिकाबाट आएपछि पल भाईलाई भेट्न कारागार पुगेको थिएँ । त्यसबेला उहाँले काम गर्छु भनेर वचन दिनुभएको थियो । मेरै फिल्म पहिला खेल्नुहुन्छ भन्नेमा विश्वस्त छु ।'

पल शाहका लागि भनेर आफूले बुनेको कथाले उनलाई फाइदा गर्ने यशको विश्वास छ । 'जेलबाट छुटेपछि पल भाईसँग भेट भएको छैन । किनकि, भेट्नका लागि पालै आएको छैन । अब उहाँले हिजोको घटनालाई बिर्सेर दर्शकको अगाडि आउनुपर्छ । आफूलाई फेरि काममा 'फोकस' गर्नुपर्छ,' उनले भने । पलले जेल जानुअघि 'सत्यम्', 'ओ सजन'सहितका केही फिल्म सम्झौता गरेका थिए ।

# 'दिलमाया २' टिजरमा महिला हिंसाको कथा

काठमाडौं/राजु गिरीको निर्देशनमा बनेको फिल्म 'दिलमाया २'को टिजर सार्वजनिक गरिएको छ । आगामी वर्षको असार २९ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै आइतबार सार्वजनिक गरिएको टिजरमा महिलामाथि हुने घरेलू हिंसालाई देखाइएको छ । छोरीमाथि समाज र परिवारले कसरी विभेद र दमन गर्छ भन्ने कुरा टिजरमार्फत् अभिव्यक्त गरिएको छ । यद्यपि, टिजर 'कटिङ' हदैसम्म कमजोर छ ।

किरण नेपाली र सेन्जल पौडेलको मुख्य भूमिका रहेको फिल्ममा सविन बास्तोला, राजु गिरी, अस्मिता बस्नेत, नारायण खाती, हिरा देवि श्रेष्ठ, माया श्रेष्ठ, काजल गिरी, कंगना गिरी, कमल वलीलगायतको अभिनय पनि छ । राजु गिरी प्रोडक्सनको व्यानरमा निर्माण भएको फिल्मको पटकथा र संवाद निर्देशक गिरी स्वयंको हो । यो फिल्मको



पहिलो श्रृंखला २०६३ सालमा प्रदर्शन भएको थियो ।

बिष्णु निराकर र सुस्मिता खत्रीको छायांकन रहेको फिल्ममा खुम बहादुर सुनार र संगीता खत्रीको सम्पादन छ । फिल्मलाई शंकर गिरी, पुर्णकला गिरी र सरिता गिरीले निर्माण गरेका हुन् । भिष्मराज फुलाराको गीत रचना, अर्जुन पोखरेल र राजेन्द्र बजगाईको संगीत, रामजी लामिछानेको नृत्य निर्देशन तथा देव महर्जनको द्वन्द्व निर्देशन रहेको फिल्मको प्रोडक्सन म्यानेजर रेश्मा केसी हुन् ।

# नेपाललाई छायांकन गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने गण्डकी प्रदेशको डकुमेन्ट्री सार्वजनिक

काठमाडौं/नेपाललाई छायांकन गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले गण्डकी प्रदेशको डकुमेन्ट्री युट्युबमा रिलिज गरिएको छ । ९ मिनेट ५२ सेकेन्ड अवधिको डकुमेन्ट्रीमा गण्डकी प्रदेश अन्तर्गत पर्ने विभिन्न रमणीय स्थानहरु समेटिएको छ, जसले विश्वकै ध्यान खिच्न सक्छ । सुयोग गुरुङको निर्देशन रहेको डकुमेन्ट्रीमा छायांकन पक्ष सानदार छ । अंग्रेजी अडियो ल्याङ्गवेजमा डकुमेन्ट्री तयार छ ।

फिल्म छायांकनको लागि खुल्ला स्टुडियोको रुपमा नेपाललाई प्रवर्द्धन गर्न श्रव्यदृश्य सामग्री निर्माणको पहिलो चरणमा चलचित्र विकास बोर्डले यो डकुमेन्ट्री सार्वजनिक गरेको हो । प्रविधिको बढ्दो प्रयोगसँगै श्रव्यदृश्य सामग्रीमार्फत् पनि प्रचार-प्रसार गर्नुपर्ने आवश्यकता महसुस गरेर बोर्डले नेपाललाई छायांकन गन्तव्यको रुपमा प्रवर्द्धन गर्न डकुमेन्ट्री निर्माण प्रक्रियालाई सुरु गरेको हो ।

बोर्ड अध्यक्ष भुवन केसीले अन्य ६ प्रदेशका सम्भावित छायांकन क्षेत्रहरुलाई पनि समेटेर डकुमेन्ट्री निर्माण गर्दै जाने बताए । उनले भने, 'यसखालका सामग्रीहरु बोर्डले निरन्तर बनाउँदै विश्वमाझ पुर्‍याउनेछ । नेपाललाई खुल्ला स्टुडियोको रुपमा विश्वव्यापी प्रवर्द्धन गर्ने उद्देश्यअनुरुप अहिलेको लागि गण्डकी प्रदेशका केही प्रमुख छायांकन स्थलहरु समेटिएको डकुमेन्ट्री सार्वजनिक गरेका हौं ।'

नेपालमा विश्वका ठूला उद्योगका फिल्महरुको छायांकन हुँदै आएकोमा त्यसलाई संख्यात्मक वृद्धि गर्ने उद्देश्यस्वरुप प्रवर्द्धनात्मक सामग्रीहरु बोर्डले निरन्तर प्रकाशन र निर्माण गर्दै जाने बोर्डका सूचना अधिकारी चिरञ्जीवी गुरागाईंले जानकारी दिए । नेपाललाई छायांकन स्थलको रुपमा प्रवर्द्धन गर्ने उद्देश्यसहित बोर्डले 'फिल्मिङ् इन नेपाल : भोल्यूम १' पुस्तक पनि प्रकाशन गरिसकेको छ ।

# धान उत्पादन बढ्दा पनि घटेन चामलको मूल्य

काठमाडौं/पछिल्लो समय नेपालमा चामल र मैदाको मूल्य लगातार महँगिदै गएको छ । युक्रेन-रुस युद्ध र खडेरीका कारण देखाउँदै भारतले नेपालमा गहुँ र चामल निर्यातमा रोक लगाएको थियो । तर, नेपालमा नयाँ धान उत्पादन भइसक्दा र नेपालले भारतबाट कोटामा गहुँ आयात गर्दासमेत बजारमा मूल्य घटेको छैन ।

गत असोजमा प्रतिबोरा १७ सय ५० रहेको जिरा मसिना चामल अहिले २२ सय रुपैयाँ प्रतिबोरा पुगेको छ । त्यसैगरी ६० रुपैयाँ प्रतिकेजी रहेको मैदाको मूल्य अहिले एक सय रुपैयाँ पुगेको छ । पाँच महिनाको अन्तरालमा चामलको मूल्य प्रतिबोरा ५ सय ५० रुपैयाँ र मैदा प्रतिकेजी ४० रुपैयाँले बढेको छ ।

बजारमा मैदा, आँटा र चामल अभाव भएकाले अझै मूल्य बढ्न सक्ने व्यवसायीहरु बताउँछन् । जोरपाटीका एक व्यापारीले भने, 'मैले डिलरमा चामल मगाएको हप्ता दिन भइसक्यो, अझै आएको छैन । उतैबाट मूल्य बढेर आउँछ, हामीले बढाएको होइन ।'

बासमती र उसिनाबाहेक अन्य चामलमा भदौ २४ गतदेखि भारतले निर्यातमा २० प्रतिशत कर लगाएको थियो भने कनिका निर्यात रोकेको थियो । भारतको पश्चिम बंगाल, उत्तर प्रदेशसहित केही राज्यमा खडेरीका कारण धानको उत्पादन घटेकाले चामल निर्यातलाई उसले निरुत्साहित गरेको हो । चालु आर्थिक वर्षमा १३ अर्ब चार करोड ६८ लाखको धान आयात भएको छ भने १० अर्ब ६६ करोड ७ सात लाख रुपैयाँको चामल आयात भएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका अनुसार गत वर्षको तुलनामा नेपालमा यस वर्ष बर्खे धान र चैते धान गरी करिब ५५ लाख मेट्रिक टन धान उत्पादन भएको छ । यो भनेको गत वर्षको भन्दा ६.९४ प्रतिशतले बढी हो । तर, नेपालमा धान उत्पादन बढ्दा पनि बजारमा चामल अभाव भएको भन्दै व्यवसायीहरुले चामलमा केजीको २० देखि २५ रुपैयाँसम्म मूल्य बढाएका छन् ।

विगत ८ महिनादेखि चामलको मूल्य बढ्दै आएको नेपाल खाद्य किराना तथा थोक व्यवसायी संघका अध्यक्ष देवेन्द्र भक्त श्रेष्ठले बताए । भारतबाटै चामलको मूल्य बढेर आएकाले नेपालमा पनि मूल्य बढेको उनको भनाइ छ ।

नेपाल खुद्रा व्यापार संघका अनुसार त्रिशुलीको पोखरेली चामल प्रतिकेजी ९०, स्टिम जिरा मसिनो चामल प्रतिकेजी ७०, लङग्रेन वासमती चामल प्रतिकेजी १३०, स्टिम सोना चामल प्रतिकेजी ६०, चामलको पिठो खस्रो ५०, चामलको पिठो मसिनो प्रतिकेजी ६० रुपैयाँ मूल्य छ । तर, बजारमा तोकेको मूल्यभन्दा बढीमा कारोबार हुने गरेको पाइन्छ ।

राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम भैरहवाका अनुसार नेपालमा ११ हजार ६७ हेक्टरमा २१ लाख २७ हजार २७६ मेट्रिक टन गहुँ उत्पादन हुँदै आएको छ । नेपालमा वार्षिक २५ लाख मेट्रिक टन गहुँ खपत हुने गरेको छ ।

# पानीको व्यवस्थापनपछि पर्सा राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तुको संख्यामा वृद्धि

बारा/चुरे भावर क्षेत्रभित्र रहेको पर्सा राष्ट्रिय निकुञ्जले वन्यजन्तुहरूका लागि खानेपानीको व्यवस्था गरेपछि वन्यजन्तुको संख्यामा उल्लेख्य वृद्धि भएको छ । निकुञ्जले प्राकृतिक रूपमा रहेका पानी पोखरीहरूको सफाइ तथा संरक्षण गर्नुका साथै कृत्रिम रूपमा निर्माण गरेका पोखरीहरूमा पानीको उपलब्ध गराएसँगै वन्यजन्तुको संख्यामा उल्लेख्य वृद्धि भएको हो ।

सन् २०२२ मा भएको राष्ट्रिय बाघ गणनामा पर्सा राष्ट्रिय निकुञ्ज भित्र दुर्लभ पाटे बाघको संख्या ४१ वटा पुगेको छ । यो संख्या सन् २००३ मा भएको पहिलो बाघ गणनामा ३ वटा मात्रै थियो । त्यसैगरी पर्सा निकुञ्जभित्र १६३ वटा गौरीगाई, ४० देखि ५० वटा जङ्गली हात्ती र ८ देखि १० वटाको संख्यामा एकसिंगे गैंडा रहे पनि तथ्याङ्कमा ३ वटा गैंडा मात्रै उल्लेख भएको निकुञ्जले जनाएको छ ।

'पर्सा राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तुको संख्या बढ्नुमा मुख्य कारण त पानीको उपलब्धता नै हो' निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले भने । निकुञ्जभित्र सबै प्रजातिका वन्यजन्तुको संख्या तथा वासस्थान फैलँदै गएको उनको भनाई छ । पर्सा निकुञ्जभित्र दुर्लभ पाटे बाघ, भालु, गैंडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाई जस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीहरूको वासस्थान रहेको छ ।

निकुञ्जका रेन्जर हिमाल पाठकले प्राकृतिक र कृत्रिम रूपमा भएका पानीको स्रोतहरूलाई संरक्षण तथा व्यवस्थापनको काम गरेको बताए । 'निकुञ्ज भित्र विगतमा वन्यजन्तुहरूका लागि पानीको अत्यन्तै समस्या थियो तर अहिले प्राकृतिक र कृत्रिम रूपमा भएका पानीका स्रोतहरूलाई व्यवस्थित गर्ने काम भएपछि वन्यजन्तुका लागि अनुकूल वातावरण बन्दै गएको छ' रेन्जर पाठकले भने ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।


हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com



# हेटौंडाका बैंकविरुद्ध व्यवसायी आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ अर्थतन्त्रको चक्र चुस्तदुरुस्त नहुँदा उत्पन्न बजार संकटको बेला हेटौंडाका व्यवसायीहरु बैंकविरुद्ध सडकका उत्रिएका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा आइतबार व्यवसायीहरुले नगरका सबै बैंकहरुलाई चेतावनीसहितको पत्र थमाएर चर्को ब्याज दरविरुद्ध प्रदर्शन गरेका छन् । बैंकहरुले चर्को ब्याज लिएको भन्दै व्यवसायीहरुले नगरमा प्रदर्शन गर्दै बैंकहरुलाई ध्यानाकर्षण गराएका हुन् । आर्थिक मन्दीबाट राष्ट्रिय अर्थतन्त्र नै सिथिल भएको विषम परिस्थिमा चर्को बैंक ब्याजले सबै उद्योगी र व्यवसायीहरु आर्थिक तथा मानसिक रुपमा प्रताडित हुनुपरेको संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताए । उनले बैंकको ब्याजदरका कारण व्यवसायीहरु मानसिक तनावमा परिरहेकोले आन्दोलनमा उत्रिन बाध्य भएको बताएका छन् ।



मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा राजनैतिक दल, विभिन्न संघसंस्था, संघमा आवद्ध वस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधिहरुको छलफलबाट सामुहिक निष्कर्षमा पुग्दै चर्को बैंक ब्याजकोविरुद्ध चरणवद्ध आन्दोलनको घोषणा गरिएको अग्रवालले बताए । व्यवसायीहरुले चरणबद्ध आन्दोलनका क्रममा हेटौंडाका बैंकसमेत बन्द गर्ने चेतावनी दिएका छन् । आन्दोलनको पहिलो दिन व्यवसायीहरुले कालो ब्यानरसहित बजारमा विरोध प्रदर्शन गर्दै बैंकहरुमा ध्यानाकर्षण पत्र बुझाएका छन् । २४ फागुनमा हेटौंडाको बुद्ध चोकमा बागमती प्रदेश स्तरीय २८ वटा जिल्ला नगर उद्योग वाणिज्य संघहरुको सहभागितामा शान्तिपूर्ण धर्ना दिने कार्यक्रम रहेको अध्यक्ष अग्रवालले बताए ।

२५ फागुनमा हेटौंडाका बैंकहरुमा बिहान ११ बजेदेखि १२ बजेसम्म १ घण्टा धर्ना दिने, २६ फागुनमा बैंकहरुमा बिहान ११ बजेदेखि १ बजे सम्म २ घण्टा धर्ना दिने, २८ फागुनमा बैंकहरुमा डिपोजिट कार्य बन्द गराउने, २९ फागुनमा सम्पूर्ण बैंकिङ कारोवार बन्द गराउने र ३० फागुनमा शान्तिपूर्ण रुपमा बैंक बन्द गराउने चरणबद्ध आन्दोलनको घोषणा गरिएको अध्यक्ष अग्रवालले जानकारी दिए । उद्योगी, व्यवसायीहरुको बैंकले जथाभावी ब्याजदर बढाएर ज्यादति गरेको भन्दै स्थानीय स्तरबाटै बैंकहरुविरुद्ध मोर्चाबन्दीसहितको आन्दोलन चर्काउने रणनीति बनाएका छन् । एकतर्फ लघुवित्त संस्थाहरु विरुद्ध आन्दोलन भइरहेको छ भने अर्कोतर्फ उद्योग, व्यवसायीहरु बैंकविरुद्ध चरणबद्ध आन्दोलनमा उत्रिनुले वित्तिय संस्थाहरुमाथि संकट उत्पन्न भएको छ ।

ब्याजदर वृद्धिको विरोध मकवानपुरमा विगतका महिनादेखि चल्दै आइरहेको थियो । मकवानपुर मात्र नभई अन्य जिल्लाहरुमा पनि बैंकविरुद्ध उद्योगी र व्यवसायीहरु सडकमा उत्रिएका छन् । आन्दोलन गत कार्तिकदेखि कार्यान्वयनमा गएको चालुपूँजी कर्जा सम्बन्धी व्यवस्था र व्याजदर वृद्धि भएपछि सुरु भएको थियो । उद्योग र व्यवसायीहरुको आन्दोलनले व्यवसायी र बैंकबीचको टकराव झन बढाउँदै लगेको छ । बैंकविरुद्ध भएका आन्दोलनमा ठूला व्यवसायिक घरानामा उद्योगी र व्यवसायीभन्दा मध्यम र निम्नमध्यम वर्गका व्यवसायी तथा साना लगानीकर्ताहरु बढी सहभागी देखिन्छन् । हेटौंडाका आन्दोलनमा पनि निम्नमध्यम वर्गका व्यवसायी र साना लगानीकर्ता धेरै देखिएका छन् ।

बैंकले निम्नमध्यम वर्गका व्यवसायी र साना लगानीकर्तालाई ब्याजदर बढाएको तथा ठूला उद्योगी, व्यवसायीहरुले बैंकहरुसँग बार्गेनिङ गरेर बेस रेटमा १/२ प्रतिशतभन्दा बढी प्रिमियम नतिर्ने गरेकाले थप समस्या हुँदै गएको आरोप लगाइएको छ । ठूला उद्योगी र व्यवसायीहरु आन्दोलनमा सहभागी नहुँदा साना लगानीका व्यवसायीहरु निरन्तर सडकमा निस्किनु परेको उनीहरुको गुनासो छ । बैंकहरुले भने राष्ट्र बैंकले तोकेकोभन्दा बढी शुल्क नलिएको दाबी गर्दै आएका छन् ।

# निर्माण व्यवसायीको कार्यसमितिलाई दुई वटा संघको बधाई ज्ञापन

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ निर्माण व्यवसायी संघ मकवानपुरको नवनिर्वाचित कार्यसमितिलाई जिल्लाका दुई ठूला व्यवसायिक संस्थाले स्वागत तथा बधाई ज्ञापन गरेका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघ र नारायणी यातायात व्यवसायी संघले आइतबार केही समयअघि भएको निर्वाचनबाट विजयी भएका निर्माण व्यवसायी संघका अध्यक्षसहित पदाधिकारी र सदस्यहरुलाई बधाई ज्ञापन गरेको हो । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा आइतबार भएको कार्यक्रममा निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेलसहित नवनिर्वाचित कार्यसमितिलाई स्वागत तथा बधाई ज्ञापन गरिएको हो । संघका अध्यक्ष गुप्ताले स्वागत मन्तव्य राख्दै निर्माण व्यवसायी संघ र मकवानपुर उद्योग वाणिज्य संघको विगतदेखि नै सहयकार्य रहँदै आएको बताए ।



उनले निर्माण व्यवसायी संघ मकवानपुरको नवनिर्वाचित कार्यसमितिको उर्जा संस्थागत विकास र व्यवसायिक सफलतामा उपयोगको लागि शुभकामना व्यक्त गरेका छन् । निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष कंडेलले मउवा संघसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । विभिन्न कारणले निर्माण व्यवसायीहरु कठिन अवस्थामा रहेको उनको भनाई थियो । कार्यक्रममा मउवा संघका पूर्वअध्यक्ष भुवनलाल श्रेष्ठ, उपाध्यक्ष प्रमोद सिंह रानाभाट, महासचिव दिपक उप्रेती, निर्माण व्यवसायी संघ मकवापनुरका उपमहासचिव सुरज बर्तौला लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा मउवा संघका सल्लाहकार नरोत्तम दहाल, उपाध्यक्ष उज्वल चौलागाई, कोषाध्यक्ष सन्तोष कुमार अर्याल, सचिव राजाराम कार्की, कार्यसमिति सदस्य प्रदीप अर्याल तथा विशेष आमन्त्रित सदस्य राजेन्द्र लामिछाने लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा जिल्ला दररेट समायानुकुल गर्नुपर्ने, व्यवसायिक समस्या समाधान र सामाजिक कार्यहरु संयुक्त रुपमा गर्नुपर्ने, बैंकको चर्को ब्याजदरविरुद्ध आवाज उठाउनु पर्ने, स्थानीय निकायहरुसँग सहकार्य गर्दै सार्वजनिक निजी साझेदारी अवधारणामा कामहरु गर्नुपर्नेजस्ता विषयहरुमा छलफल भएको थियो ।

यसैगरी, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हिरालाल श्रेष्ठले यातायात क्षेत्रमा अझै पनि चुनाव हारेपछि संघ फोर्ने रोग रहेको र यातायात तथा निर्माण क्षेत्रलाई इज्जतसँग हेर्ने प्रचलन नभएकाले यसलाई मर्यादित बनाउन सहकार्य आवश्यक रहेको बताए । यातायात क्षेत्रमा अझै पनि पञ्चायतकालीन प्रवृत्ति हावी भएको श्रेष्ठको आरोप छ । संघमा नेतृत्वमा नपुग्नेहरुले नयाँ संस्था जन्माएको भन्दै निर्माण क्षेत्रमा जितेका युवा पुस्तासँग सहकार्य गर्न तयार रहेको अध्यक्ष श्रेष्ठले बताए । निर्माणका अध्यक्ष कंडेलले मकवानपुरको विकास निर्माण कार्यमा सहकार्य रहने बताए । कार्यक्रममा नारायणीका महासचिव सरोज खनालले बैंकहरुले गरेको ज्यादतीका घटनामा सबै व्यवसायीको समान पीडा भएकाले सहकार्य गर्नुपर्ने बताए ।

# सर्वोच्चको आदेशविरुद्ध माओवादीको अनुचित प्रतिवाद

काठमाडौं/ माओवादीहरु अमूर्त विचारधाराका अन्तहीन बहस निकालेर आपसमा फुट्छन् । फुट्नेमात्रै होइन, एक अर्कालाई प्रमुख दुस्मन नै करार गर्छन् । युद्धकालका जघन्य घटनाले भने तिनलाई एक ठाउँ ल्याउने गर्छ ।

पछिल्ला दुई निवेदन र त्यसमा जारी आदेशलाई नै हेरौं न । सर्वोच्च अदालतले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विपक्षी बनाइएको र संक्रमणकालीन न्यायको याचना गरिएका दुई रिट निवेदन दर्ता गर्न आदेश के दिएको थियो, माओवादीका अनेक हाँगाबिँगा रातारात राजधानीमा भेला हुन पुगिहाले ।

माओवादी त के, नर मपन्थी कम्युनिष्ट समेत हुन अस्वीकार गरेका बाबुराम भट्टराईदेखि 'प्रचण्डले अधुरो छाडेको जनयुद्ध' पूरा गर्ने भन्दै हिँडेका नेत्रविक्रम चन्द विप्लवसमेतलाई सर्वोच्चको त्यही आदेशले छिनको छिन सगोलमा भेट गरायो । उनीहरुले एक अर्काप्रति असीम स्नेह दर्शाए । र, न्यायालयमाथि गाली बर्साए ।

माओवादीबाट एक दशकअघि प्रधानमन्त्री बनेका, हाल नेपाल समाजवादी पार्टीमा अध्यक्ष रहेका बाबुराम भट्टराईले समेत बहालवाला प्रधानमन्त्रीमाथि मुद्दा लगाउने प्रयास भएको भन्दै आपत्ति जनाएका थिए । अर्थात् उनको तर्कलाई मान्ने हो भने बहालवाला पदमा आसीन हुनु भनेको आम नागरिकभन्दा न्यायको दृष्टिमा केही विशेष हुनु हो ।

शहीद तथा बेपत्ता सन्तति फाउण्डेसनले आयोजना गरेको कार्यक्रममा उनले भने, 'तीन वर्षअघिको भनाइलाई लिएर बहालवाला प्रधानमन्त्रीलाई मुद्दा लगाउने भन्नु माओवादी आन्दोलनलाई जिस्क्याउनु हो ।' माओवादी केन्द्रले आइतबार वक्तव्य जारी गरेर सर्वोच्च अदालतको आदेशलाई बृहत शान्ति सम्झौता, त्यसपछिका दुई संविधान र अहिलेसम्मका उपलब्धी विरुद्धको गतिविधि भनेको छ । महासचिव देवप्रसाद गुरुङले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'संघीयता, धर्मरिपेक्षता, समावेशी समानुपातिक र लोकतान्त्रिक गणतन्त्र आधारभूत संरचना सहितको वर्तमान संविधान र अग्रगामी उपलब्धि विरुद्ध हुने कुनै पनि गतिविधिलाई नेकपा (माओवादी केन्द्र)ले अस्वीकार गर्दछ ।'

माओवादी केन्द्रले विज्ञप्तिमा नामै किटेर न्यायाधीशहरु ईश्वर प्रसाद खतिवडा र हरि फुयालको आदेशले आफ्नो ध्यानाकर्षण भएको जनाएको हो । विज्ञप्तिमा भनिएको छ, 'आयोगको अधिकारक्षेत्र भित्रका विषयहरुलाई प्रतिकूल असर पर्नेगरी कुनै पनि अधिकारक्षेत्र ग्रहण गर्न, कारवाही अगाडी बढाउन र सो सम्बन्धमा कुनै निर्णय गर्न नमिल्ने स्मरणसहित सचेत गराउन चाहन्छौं ।'

सर्वोच्च अदालतको आदेशको पृष्ठभूमि खोज्दै जाँदा हामी तीन वर्षअघिको माघी पर्वमा पुग्छौं । १ माघ २०७६ मा पुष्पकमल दाहालले टुँडिखेलमा आयोजित कार्यक्रममा 'द्वन्द्वकालमा १७ हजार मारिएको, तीमध्ये ५ हजार जनाको जिम्मा लिन आफू तयार भएको र बाँकीको हकमा राज्यले जिम्मेवारी लिनुपर्छ' भन्ने चरम विवादास्पद अभिव्यक्ति दिएका थिए । सत्यनिरुपण तथा मेलमिलाप आयोगमा प्रचण्ड विरुद्ध उजुरी दिइसकेका कल्याण बुढाथोकी, अधिवक्ता ज्ञानेन्द्र आरण लगायतले त्यो अभिव्यक्तिपछि प्रहरी प्रधान कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका निकायमा जाहेरी दिए । ती निकायबाट समेत कारबाही अघि नबढेको भन्दै उनीहरु सर्वोच्च अदालत पुगे । सर्वोच्च प्रशासनले गत कार्तिकमा नै दरपीठ (निवेदन दर्ता गर्न अस्वीकार) गरिदियो । अदालत प्रशासनले संक्रमणकालीन न्यायसँग जोडिएको विषय नियमित अदालतमा प्रवेश गराउन नहुने भन्दै रिट निवेदन दर्ता नहुने आदेश (दरपीठ) गरिदियो । त्यो आदेश विरुद्ध उनीहरुले त्यतिबेलै निवेदन दिएका थिए, जसको पालो शुक्रबारमात्रै आएको हो ।

शुक्रबार प्रचण्ड विरुद्धका दुई रिट निवेदन दर्ता गर्नु भनी अदालतबाट आदेश सार्वजनिक भए पनि त्यसको विस्तृत विवरण सार्वजनिक भइसकेको थिएन । त्यति हुँदा समेत पूर्वमाओवादीहरु सशंकित भइसकेका थिए ।

आइतबार अपरान्ह आदेशको व्यहोरा समेत सार्वजनिक भयो, जसमा संक्रमणकालीन न्याय र फौजदारी न्यायप्रणालीबारेका टिप्पणी समेत छन् । संक्रमणकालीन न्यायको अपेक्षामा नियमित फौजदारी न्यायप्रणाली अनन्तसम्म अवरुद्ध नहुने विषय संकेत गरिएको आदेश सार्वजनिक भएपछि पूर्वमाओवादीहरु थप क्रुद्ध हुने निश्चित छ ।

'यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानून र सिद्धान्त बमोजिम पीडितहरुले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपुरण पाउने विषयहरु विभिन्न कारण देखाइ अनन्तकालसम्म अल्झाइ राख मिल्ने देखिँदैन', सर्वोच्च अदालतको आदेशमा भनिएको छ, 'विषयवस्तुको गम्भीरता र संवेदनशीलता तर्फ दृष्टिगत गर्दा यस प्रकारको निवेदनलाई न्यायिक प्रकृयामा प्रवेश हुन नदिने गरी दर पीठ(निवेदन दर्ता नगर्ने निर्णय) गर्नु अनुचित हुन्छ ।'

आइतबार सार्वजनिक आदेशमा संक्रमणकालीन न्यायसँग सम्बन्धित कुनै नयाँ विषयवस्तु छैन । सर्वोच्च अदालतले पटकपटक आफ्ना आदेश र फैसलामार्फत प्रतिपादित मान्यतालाई स्मरण गराएको हो । उसले आदेशमा अधिकतम संयमता अपनाउँदै पीडितहरुले सत्यतथ्यको जानकारी, न्याय र परिपूरण पाउने विषयलाई विभिन्न कारण देखाएर 'अनन्तकालसम्म अल्झाइ राख्न नमिल्ने' व्याख्या गरेको हो ।

# वक्तृत्वकलामा जानुका प्रथम, मैत्रीपूर्ण फुटवल बराबरी

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडामा ११३ औं अन्तराष्ट्रिय महिला दिवसको अवसर पारेर आयोजना गरिएको 'हिंसा न्युनीकरणमा हाम्रो भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा हेटौंडा-१४ की जानुका दवाडी प्रथम भएकी छन् ।

वडास्तरीय महिला सञ्जालका बिच भएको प्रतियोगितामा हेटौंडा-७ की कमला शर्मा द्वितीय, वडा नम्बर १२ की लक्ष्मी ढुंगेल तृतीय हुँदा हेटौंडा-४ की राधिका चौलागाईले सान्त्वना पुरस्कार प्राप्त गरेकी छन् । अन्तराष्ट्रिय महिला दिवसको अवसरमा आयोजित प्रतियोगिताको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले सचेतनाका कार्यक्रम गाउँगाउँसम्म लैजान आवश्यक रहेको बताइन् । उनले '८ मार्च' महिला हिंसाविरुद्धको दिवसलाई सप्ताहव्यापी कार्यक्रमको रुपमा मनाउन उपमहानगरले अग्रणी भूमिका निर्वाह गर्ने भन्दै अभियानलाई नगरका वडातहसम्म लैजान अधिकारकर्मिहरुलाई सुझाव दिइन् ।



नगरस्तरीय महिला जागरण समुहका अध्यक्ष तारा ढुंगानाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठकलगायतले महिलाविरुद्ध हुने हिंसा न्युनिकरणमा समुदायमा शिक्षा पुर्‍याउन आवश्यक रहेको बताइन् । प्रतियोगितामा उपमहानगर पालिका महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, शिक्षा शाखाका सुनिता महर्जन र माइती नेपाल मकवानपुर की कार्यक्रम संयोजक माया लामा निर्णायकको भूमिकामा थिए । हेटौंडा उपमहानगरपालिका कार्यालय, गैर सरकारी संस्था महासंघ बागमती प्रदेश, नगरस्तरीय महिला जागरण समुह र नारी संरक्षण केन्द्रको आयोजनामा भएको प्रतियोगितामा मानव अधिकार संरक्षण तथा बेचबिखनबिरुद्धको सञ्जालको सहकार्य थियो ।

यसैगरी, अभियानअन्तर्गत आइतबार महिला कर्मचारी र महिला जनप्रतिनिधिबीच भएको मैत्रीपुर्ण फुटबल प्रतियोगितामा १-१ गोलको बराबरीमा टुंगिएको छ । त्यस्तै पुरुष कर्मचारी/जनप्रतिनिधि विरुद्ध सञ्जालबीचको खेलमा कर्मचारी/जनप्रतिनिधि मिश्रित समुहले जित हात पारेको थियो । प्रतियोगितामा हेटौंडा उपमहानगरका प्रमुख मिनाकुमारी लामाले पुरस्कार वितरण गरेकी थिइन् ।

# हेटौंडामा एटीएम फुटाएर पैसा चोर्ने प्रयास

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा उपमहानगरपालिका-४, स्थित बैंकरोडभित्र रहेको एनएमबी बैंकको एटीएम फुटाउने फुटाएर पैसा चोर्ने प्रयास भएको छ ।

शनिवार राती २ बजेर २० मिनेटको समयमा एनएमबी बैंकको एटीएम फुटाएर पैसा चोर्ने प्रयास भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । तर, एटीएम फुटाएर पैसा चोर्न प्रयास गर्ने व्यक्ति भने पक्राउ गरिएको छैन् । सीसीटीभी फुटेजका आधारमा प्रहरीले हुलिया उल्लेख गरेको छ । एटिएमबाट पैसा निकाल्न खोज्नेको हुलिया करिब ५ फिट ३ इन्च उचाई भएको, कलेजी कलरको हुक लगाएको, साईडमा सेतो धर्का भएको ट्र्याक र सेतो स्पोर्टस जुत्ता लगाएको प्रहरीले उल्लेख गरेको छ । एटीएमबाट पैसा भने चोरी नभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए ।

# चालक परिवर्तन गरेको आशंका, सत्यतथ्य छानबिन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा उपमहानगरपालिका-१, चौकिटोल नजिक तिरतिरे धारामा शनिवार मोटरसाइकललाई ठक्कर दिने स्कर्पियोले चालक परिवर्तन गरेको आशंका गरिएको छ ।

दुर्घटनामा हेटौंडा-६, चौघडा निवासी ५२ बर्षीय कृष्णप्रसाद सापकोटाको मृत्यु भएको थियो । काठमाडौंबाट हेटौंटातर्फ आउँदै गरेका सापकोटालाई रातो रंगको बा. प्रदेश ०३-००१च ०८०२ को स्कर्पियोले ठक्कर दिएको तर चालक भने परिर्वतन गरिएको आशंका पीडित पक्षले गरेका छन् । मृतक सापकोटाका परिवार र आफन्तले घटना भएको घण्टौं बितिसक्दा पनि दोषि पत्ता लगाउन नसकेको भन्दै आइतबार आन्दोलित भएका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुर अगाडि पीडित पक्षहरुले चालक परिवर्तन गरिएको आशंका गर्दै घटनाको सत्यतथ्य पत्ता लगाउन माग गरेका हुन् ।

मृतक सापकोटा यातायात कार्यालय एकान्तकुनामा छैटौं तहको अधिकृतको रुपमा कार्यरत् थिए । उनी घर आउने क्रममा चौकिटोल नजिक तिरतिरे धारामा दुर्घटनामा परी गम्भिर घाइते भएका हुन् । उपचारका लागि हेटौंडा अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । प्रहरीले शनिवार घटना अनुसन्धानकै क्रममा रहेको भन्दै स्कर्पियोले ठक्कर दिएको



विषय उल्लेख गरेको थिएन् । प्रहरीले सापकोटाले चलाएको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको शनिवार आशंका गरेपनि अनुसन्धानबाट स्कर्पियोले ठक्कर दिएको पत्ता लगाएको छ ।

स्कार्पियो चालक केशव राईलाई प्रहरीले नियन्त्रणमा लिई आइतबार नै जिल्ला अदालत मकवानपुरबाट म्याद थप गरिसकेको मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमले जानकारी दिए । उनले चालक परिवर्तन भएको आशंका पीडित पक्षबाट भएको र प्रहरीले संवेदनशील भएर थप अनुसन्धान गरिरहेको जानकारी दिए । आइतबार आन्दोलनरत् पीडित पक्षसँग प्रहरीले घटनाको सत्यतथ्य छानबिन गरेर दोषिलाई कडा कारबाही गर्ने प्रतिबद्धता जनाएको थियो । सापकोटालाई ठक्कर दिने स्कर्पियोले काठमाडौंबाट सिमराका यात्रु रिजर्भमा ल्याएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

सिमरा जानुपर्ने स्कर्पियो सापकोटालाई ठक्कर दिएपछि हेटौंडा बसपार्कमा यात्रुहरु झारेर ग्यारेजमा पुगेको प्रहरी अनुसन्धानबाट खुलेको छ । प्रहरीले यात्रुहरुसँग पनि सोधपुछ गर्दैछ । स्कर्पियो चालकले शंकास्पद गतिविधि देखाएपछि पीडित पक्षले चालक परिवर्तन भएको आशंका गरेका हुन् ।

प्रहरी अनुसन्धानबाट स्कर्पियो आइतबार मुस्ताङ रिजर्भमा जाने तयारीमा रहेको खुलेको छ । मकवानपुरका प्रहरी प्रमुख गौतमले स्कर्पियो चालकको सम्बन्धमा प्राविधिक रुपले अनुसन्धान भइरहेको बताए । चालक केशव राईले प्रहरीसँग आफूले ठक्कर दिएको स्वीकार गरेको जनाइएको छ ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

हार्दिक बधाई



यस दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.का सदस्य तथा सेवा केन्द्र पदमपोखरीका संयोजक **श्री राजेन्द्र मैनाली** हालै सम्पन्न मकवानपुर कुखुरा व्यवसायी संघको १६ औं बार्षिक साधारण सभा तथा ५ औं अधिबेसनबाट अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

डा.गणेशबल लामा (अध्यक्ष) एवम्
दिव्यतारा बहुउद्देश्ययी सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना